**सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास**
**माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल**
**आदेश**

०८२-WO-१०९९

मुद्दाः उत्प्रेषण।

आयुष बडालसमेत.......................................................................................१ निवेदक

**विरुद्ध**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत.........................................१ विपक्षी

प्रस्तुत निवेदन अध्ययन गरी निवेदक स्वयं तथा निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री अमर थापा एवं विद्वान अधिवक्ताहरु श्री राजाराम घिमिरे र श्री सदिक्षा भुषालले गर्नुभएको वहससमेत सुनियो।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिम आदेश किन जारी हुन नपर्ने हो? मागबमोजिम आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारण सहित बाटोको म्याद बाहेक सूचना म्याद पाएका मितिले १५ दिनभित्र प्रत्यर्थी नं. १,२ र ८ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत् तथा अन्य विपक्षीहरुको हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक-एक प्रति नक्कलसमेत साथै राखी प्रत्यर्थीहरूका नाममा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा पर्ने अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नुहोला।

साथै निवेदकले अन्तरिम आदेशसमेत माग गरेको तर्फ विचार गर्दा, शिक्षा नियमावली, २०५९ को नियम ७८(१) मा विद्यार्थीले विद्यालयमा भर्ना हुनका लागि नियम ७८(१)(ग) बमोजिम विद्यालयले दिएको वार्षिक परीक्षाको लब्धाङ्क र स्थानान्तरण प्रमाणपत्र पेश गर्नुपर्ने कानूनी व्यवस्था गरेको देखिन्छ भने सोही नियमावलीको नियम ८४ को उपनियम(१) मा **"विद्यालयको शैक्षिक सत्र वैशाख एक गतेदेखि प्रारम्भ भई चैत्र मसान्तसम्म कायम रहनेछ"** भन्ने र ऐ. उपनियम (४) मा **"कसैले पनि शैक्षिक सत्र शुरु नभई विद्यार्थी भर्ना गर्न गराउन हुँदैन"** भन्ने कानूनी व्यवस्था भएको र

तदनुरुप नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरद्वारा मिति २०८२।१२।०५ मा प्रकाशित सूचनामा समेत वार्षिक परीक्षा सञ्चालन गरी सो को नतिजा प्रकाशन पश्चात् नयाँ शैक्षिक सत्र २०८३ शुरु भएपछि भर्ना कार्यक्रम सञ्चालन गर्नु, गराउनु हुन भनी नियामक निकायबाट निर्देशनसमेत दिईरहेको परिप्रेक्षमा उक्त नियमावली एवं सो सूचनाको वर्खिलाप हुने गरी हालैका दिनहरुमा विभिन्न छापा एवं विद्युतीय संचार माध्यम समेतमा विद्यार्थी भर्नाको सूचना प्रकाशित भएको मिसिल संलग्न कागजातबाट देखिएको र एकातर्फ विद्यार्थीको परीक्षाफल नै प्रकाशित नभएको, शैक्षिक सत्र नै सुरु नभएको र अर्कोतर्फ शिक्षा नियमावली, २०५९ को नियम ७८(१)(ग) बमोजिम विद्यार्थी भर्नाका लागि आवश्यक सक्कल प्रमाणपत्र नै प्राप्त नभएको अवस्थामा समेत विभिन्न विद्यालयले प्रकाशित गरेका विद्यार्थी भर्ना सम्बन्धी सूचनाहरु शिक्षा नियमावलीको उक्त व्यवस्था अनुकूल रहेको नदेखिएकाले शिक्षा नियमावली, २०५९ को नियम ७८(१) बमोजिम प्रमाणपत्र प्राप्त भएपछि तथा नियम ८४(४) बमोजिम शैक्षिक सत्र शुरु भएपछि मात्र विद्यार्थी भर्नाको सूचना र कार्यक्रम प्रकाशन गर्नु, गराउनु र सो अनुरुप एकरुपता कायम गर्नु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम विपक्षीहरुको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ। आदेशको जानकारी विपक्षीहरुलाई दिई नियमानुसार गर्नू।

न्यायाधीश

ईति सम्वत् २०८२ साल चैत्र २० गते रोज ६ शुभम्...............................................।

CamScanner